माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर,चितवन
बागमती प्रदेश,नेपाल
२०७२

**माडी नगरपालिकाको सातौँ नगर सभा सम्पन्न भएको अवसरमा**
**माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालयद्वारा जारी गरिएको**
**प्रेस वक्तव्य**

**सम्पूर्ण नगरवासी तथा माडी नगरपालिका प्रति सरोकार राख्ने महानुभावहरु,**

माडी नगरपालिकाको गौरवमय सातौँ नगर सभा मिति २०७८ असार १० गते सफलतापूर्वक सम्पन्न भएको छ । पहिलो र दोस्रो गरी दुई बैठक संख्यामा सम्पन्न भएको सो नगर सभाको अध्यक्षता नगर प्रमुख श्री ठाकुर प्रसाद ढकालज्यूले गर्नुभएको थियो । माडी नगरपालिका वडा नं. ३ वघौडा स्थित माडी भिलेज रिसोर्टमा बिहान ८ बजेदेखि सुरु भएको सो सभाको पहिलो सत्र कार्यसूची अनुसार नै चलेको थियो । पहिलो सत्रमा नगर कार्यपालिकाको कार्यालयको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन गौतमले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । प्रतिवेदन उपर छलफल भई नगर सभाबाट वाषिक आय व्यय अनुमोदन गरिएको थियो । माडी नगरपालिकाको असार पहिलो हप्ता सम्ममा कुल आम्दानी रु.७७,०८,६६,८३०.७१।- भएको र कुल खर्च रु.५०,३१,४४,५६७.७९।- भएको थियो ।

त्यसपछी सभाका अध्यक्ष एवम् माडी नगरपालिकाका नगर प्रमुख श्री ठाकुर प्रसाद ढकालले आर्थिक वर्ष ०७८/०७९ को लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको थियो । नीति तथा कार्यक्रम उपर नगर सभा सदस्यहरुले सुझाव तथा प्रतिक्रिया दिएसँगै नीति तथा कार्यक्रम सुझावहरुको सम्वोधन र संशोधन सहित पारित भएको थियो । कार्यसूची अनुसार सभाका अध्यक्ष ठाकुर प्रसाद ढकालले माडी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७८ प्रस्तुत गर्नु भएको थियो । र छलफल प्रस्ताव सर्वसम्मतीले सो विधेयक पारित भएको थियो । ३० मिनेट पश्चात दोस्रो बैठक
बस्ने गरी पहिलो बैठक स्थगित भएको थियो ।

दोस्रो बैठकको प्रारम्भसँगै सभा अध्यक्ष श्री ठाकुर प्रसाद ढकालले माडी नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुका लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ पेश गर्नु भएको थियो । सोउपर छलफल पश्चात सर्वसम्मतीले सो विधेयक पारित भएको थियो । त्यसपछी नगर उपप्रमुख श्री ताराकुमारी काजी महतोले आ.व. ०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रमहरुको संक्षिप्त जारी सहितको बजेट वक्तव्य पेश गर्नुभएको थियो । सो वजेट वक्तव्यमा कूल व्यय रू. ९० करोड २७ लाख १८ हजार विनियोजन गरिएको छ । यसका लागि संघीय सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट रु ५४ करोड ९७ लाख ६५ हजार र प्रदेश सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट रु १२ करोड ६८ लाख ९१ हजार ९४४ आम्दानी हुने अनुमान गरिएको छ । नगरको आन्तरिक आय रु १६ करोड ४६ लाख ७० हजार प्रक्षेपण गरिएको छ । मालपोतको बाँडफाँडबाट प्राप्त हुने राजश्व तर्फ रु ३ करोड आय हुने अनुमान गरिएको छ भने जनसहभागीता नगद रु १ करोड ५०

Scanned with CamScanner

हुने प्रक्षेपण गरिएको छ । नगरपालिकाको कुल व्यय तर्फ चालुमा रु.३६,१६,८७,२००।- र पुँजिगत तर्फ रु.५४,१०,३०,८००।- बजेट विनियोजन गरिएको छ । बजेटले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासन क्षेत्रलाई प्राथमिकता दिएको छ । बजेट पारितसँगै केही प्रशाननिक तथा नीतिगत निर्णयहरु गर्दै सभा अध्यक्ष श्री ठाकुर प्रसाद ढकालले नगर सभा समापनको घोषणा गर्नु भएको थियो ।

यस नगरपालिकाको प्रशासनिक प्रकृया सरलिकरण, कर्मचारी व्यवस्थापन, उत्प्रेरणा, क्षमता विकास तथा कार्यसम्पादनमा सुधार, सुशासन प्रवर्धन गरी उच्चतम प्रविधिको प्रयोग मार्फत् सेवाग्राही मैत्री कार्यालय वनाउन नगरपालिका सदैव उद्दत रहेको छ । संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान, सहयोग तथा निर्देशनलाई अपनाइ प्रचलित कानुनको अधिनका रही जनताद्वारा निर्वाचित प्रतिनिधी कै नेतृत्वमा नगरपालिका सदैव नगरको विकास तथा नगरवासीको गुणस्तरिय जीवन यापनका लागि नगरपालिका सदैव सकृय रहनेछ ।

यस माडी नगरपालिकाको गौरवमय सातौं नगर सभाको समापनसम्म यसको सफलताको लागि सहयोग गर्नुहुने सवैमा नगर कार्यपालिका कार्यालय हार्दिक आभार गर्दछ । विशेष गरी नगर प्रमुख, उपप्रमुख, वडाअध्यक्ष, कार्यपालिका सदस्य, नगर सभा सदस्य, सबै राष्ट्रसेवक कर्मचारी, सञ्चार माध्यम तथा पत्रकार, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, संघसंस्था, उद्योगी तथा व्यवसायीहरु, करदाता, उपभोक्ता समितिहरु, निर्माण व्यवसायीहरु, सरोकारवाला संघ संस्था तथा प्रतिनिधिहरु र सम्पूर्ण नगरवासीहरुमा सहयोग सहकार्य, समन्वय, सहभागिता र सुझावको लागि नगरपालिका परिवार धन्यवाद सहित निरन्तर सहयोगको अपेक्षा राख्दछ ।

धन्यवाद
अर्जुन गौतम
प्रमुख प्रशासकीय अधिकृत
माडी नगरपालिका ।

*मिति : २०७८/०३/१० गते बिहिबार ।*

Scanned with CamScanner